**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टङ्गाल, काठमाडौं**

मितिः २०८३।०२।२५ गते ।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

जिल्ला पर्सा, वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले गलत विवरण पेस गरी भट्टराई थर भएको महिलाको छोरीलाई आफ्नी छोरी रुबीना श्रेष्ठ बनाई नागरिकताको प्रमाणपत्र दिलाएको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादी राजेशमान सिंहले वीरगंज महानगरपालिका वडा नं. ३ का तत्कालीन वडा सचिव **भिखारी राय, तत्कालीन वडा सदस्य एवं का.वा. वडा अध्यक्ष तुफैल अख्तर ठकुराई र जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्रशासकीय अधिकृत षड कुमार पोखेल** समेतका प्रतिवादीहरुसँग मिलेमतो गरी अर्काको छोरीलाई आफ्नो छोरी भनी गलत बेहोरा खुलाई रुविना श्रेष्ठको जन्मदर्ता प्रमाणपत्र तयार गर्नका लागि सूचक भई सूचक फाराम भरी वीरगंज महानगरपालिका वडा नं. ३ कार्यालयमा पेस गरी मिति २०७१।०७।२० मा जन्मदर्ता प्रमाणपत्र लिएको, सोही जन्मदर्ता प्रमाणपत्रका आधारमा नागरिकता सिफारिस तयार गरी गराई जिल्ला प्रशासन कार्यालय, पर्साबाट मिति २०७५।०४।१३ मा रुविना श्रेष्ठका नाममा नागरिकता प्रमाण पत्र जारी गरे गराएको देखिएको, जन्मदर्ता प्रमाणपत्र जारी गर्दा जानी बुझी गलत लिखत तयार पार्ने, सरकारी निकाय वा सार्वजनिक संस्थाको कागजातमा अनाधिकार एवं गैरकानुनी तरिकाले सच्याउने, केरमेट गर्ने, थपघट गरी हेरफेर गर्ने गराउने र कागजात लुकाउने, नोक्सान पुऱ्याउने एवं नष्ट गर्ने गराउने कार्य गरेको देखिएको साथै प्रतिवादीहरु गृह मन्त्रालयका तत्कालीन उपसचिव (छानविन समितिका संयोजक) **पुस्कर राना** र तत्कालीन शाखा अधिकृत (छानविन समितिका सदस्य) **पर्शुराम पोखरेलले** गैरकानुनी तवरवाट नागरिकता प्रमाणपत्र दिए दिलाएको सम्बन्धमा सत्यतथ्य बुझ्न नेपाल सरकार, गृहमन्त्रालयबाट गठित छानविन समितिको संयोजक र सदस्य रही उक्त कार्य कसुरका सम्बन्धमा गलत बेहोराको प्रतिवेदन तयार गरे गराएको, त्यस्ता कागजात जिल्ला प्रशासन कार्यालय र वडा कार्यालयबाट नासे मासे नस्ट गरेको कुरा प्रष्ट उल्लेख गरी अनुसन्धान कारवाही गर्नुपर्ने औचित्य आवश्यकता र कसुरको गंभिरताका विषयलाई पूरै ढाकछोप गरेको देखिएको, प्रतिवेदन दिंदा भए गरेको यथार्थ सत्य तथ्य बेहोराको प्रतिवेदन पेस गर्नु गराउनु पर्नेमा गलत बेहोरा उल्लेख गरी गलत प्रतिवेदन दिएको देखिन्छ।यसर्थ उल्लेखित कार्यमा संलग्न निज प्रतिवादीहरुउपर देहायबमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | वीरगंज महानगरपालिका, वडा नं. ३ का तत्कालीन वडा सचिव **भिखारी राय** र तत्कालीन वडासदस्य (का.बा. वडा अध्यक्ष) **तुफैल अख्तर ठकुराई** | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९, दफा ११ र दफा १२ बमोजिमको कसुरमा सोही ऐनको दफा ९, दफा ११ र दफा १२ बमोजिम कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको छ। |
| २. | जिल्ला प्रशासन कार्यालय, पर्साका | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, दफा ११ र दफा १२ |

| | | |
|---|---|---|
| | तत्कालीन प्रशासकीय अधिकृत **षड कुमार पोखेल** | बमोजिमको कसुरमा सोही ऐनको दफा ९, दफा ११ र दफा १२ बमोजिम कैद र जरिवाना समेतको सजायको मागदाबी लिइएको छ। |
| ३. | गृह मन्त्रालयका (छानविन समितिका संयोजक र सदस्य) तत्कालीन उपसचिव **पुस्कर राना** र शाखा अधिकृत **पर्शुराम पोखरेल** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेत सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह र जिल्ला सिन्धुपाल्चोक इन्द्रावती गा.पा. वडा नं. १० वतन भएकी रिता भट्टराई | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९, दफा ११ , दफा १२ र दफा १९ को उपदफा (२) बमोजिमको कसुरजन्य कार्यको नगदी, जिन्सी वा अन्य कुनै सुविधा वा लाभ उपलब्ध गराइदिने वा आफुले लिने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले सोही ऐनको दफा ९, दफा ११, दफा १२ र दफा १९ को उपदफा (२) बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ बमोजिम मुख्य कसुरदारसरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने